नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
☎ ६६३९४१३, ६६३९४१४
६६३९४१५, ६६३९४१६
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।
मिति :- २०७७/१०/११

## चिकित्सा शिक्षा स्नातकोत्तर तहमा म्याचिङ (Matching) प्रणालीबाट विद्यार्थी छनौटका लागि प्राथमिकता निर्धारण (Priority Setting) गर्नेसम्बन्धी सूचना ।

चिकित्सा शिक्षाका स्नातकोत्तर तहको मिति २०७७/०९/१८, १९ र २० गते सञ्चालन भएका विभिन्न कार्यक्रमहरुको प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेद्वारहरूले यो सूचना अनुसार भर्ना प्रक्रियाको लागि म्याचिङ्ग (Matching) प्रणालीद्वारा चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत प्राथमिकता निर्धारण (priority setting) गरी शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्राथमिकता निर्धारण (Priority Setting) कार्य एक पटक मात्र गराईने र सो बाटै सम्पुर्ण चरणका म्याचिङ्ग (matching) हुने भएकोले योग्यताक्रममा रहेका सम्पूर्ण उम्मेद्वारहरूले अनिवार्य रुपमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।
पहिलो खण्डमा सरकारी र विदेशी कोटाका सिटहरुमा Matching गरिनेछ । विदेशी र सरकारी सिटहरुमा भर्ना पश्चात खाली हुन आएका सिटहरूलाई नेपाली खुला तर्फ थप गरी नेपाली खुला तर्फको Matching प्रक्रिया शुरु गरिने छ ।

अ. सरकारी कोटा तर्फको म्याचिङ (matching) प्रणाली को कार्यतालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1 | Online priority setting OPEN | 25-January-2021 (2077/10/12) 10:00 AM |
| 2 | Online priority setting CLOSE | 30-January-2021 (2077/10/17) 5:00 PM |
| 3 | Result of matching and admission of first list OPEN | 1-February-2021 (2077/10/19) 11:00AM |
| | Last date for University/Academy admission | 8-February-2021 (2077/10/26) within office hour |
| ONLY IF APPLICABLE: | | |
| 4 | Publication of list of vacant seats and notice for admission of second list OPEN | 9-February-2021 (2077/10/27) 11:00AM |
| | Last date for University/Academy admission | 12-February-2021 (2077/10/30) within office hour |
| 5 | Publication of list of vacant seats and notice for admission of third list OPEN | 14-February-2021 (2077/11/02) 11:00AM |
| | Last date for University/Academy admission | 15-February-2021 (2077/11/02) within office hour |

आ. खुला तर्फको म्याचिङ (matching) प्रणाली को कार्यतालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1 | Online priority setting OPEN | 16-February-2021 (2077/11/04) 11:00 AM |
| 2 | Online priority setting CLOSE | 20-February-2021 5:00 PM (2077/11/08) |
| 3 | Result of matching and admission of first list OPEN | 21-February-2021 (2077/11/09) |
| | Last date for University/Academy admission | 28-February-2021 (2077/11/16) within office hour |
| 4 | Publication of list of vacant seats and notice for admission of second list OPEN | 1-March-2021 (2077/11/17) |
| | Last date for University/Academy admission | 5-March-2021 5:00PM (2077/11/21) within office hour |
| 5 | Publication of list of vacant seats and notice for admission of third list OPEN | 7-March-2021 (2077/11/23) |
| | Last date for University/Academy admission | 12-March-2021 (2077/11/28) within office hour |

***Academic session to OPEN from 15-March-2021 (2077/12/02)**

म्याचिङ (**matching**) प्रणाली मा शिक्षणसंस्था र शैक्षिक कार्यक्रम निर्धारण गर्ने प्रक्रिया :-

१. एकीकृत प्रवेश परीक्षाको नतिजामा योग्यताक्रमको सूचीमा रहेका उमेद्वारहरूले https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी "Online Counseling" बटन मा क्लिक गर्नुहोस् ।

२. प्रवेश परीक्षामा सामेल हुँदा दिएका विवरणहरू (Nationality, level, program, contact number, date of birth, voucher number) र आफ्नो मोवाईलमा आएको password भरी "Search your status" बटन क्लिक गर्नुहोस् ।

३. सम्बन्धित उम्मेदवारको प्रोफाइल खुले पछि त्यहाँ रहेको "Set College-Program Priority" बटनमा क्लिक गर्नुहोस् ।

४. यस सूचनामा र शैक्षिक संस्था / विषय छनौट गर्ने फर्ममा दिईएका जानकारीहरु राम्ररी अध्ययन गरेर मात्र प्राथमिकता रोज्ने कार्य शुरु गर्नुहोस् । सिट संख्या सम्बन्धी जानकारीका लागि top menu मा रहेको Seat distribution मेनुमा क्लिक गर्नुहोस् ।

५. "Add College and Program" मा क्लिक गरेपछि शैक्षिक संस्था र विषय ड्रपडाउन मेनु (drop-down menu) मा देखिने छ । उक्त मेनुबाट प्राथमिकता क्रमका आधारमा शैक्षिक संस्था र विषय छान्नुहोस् । त्यहाँ रहेको "Insert below" र "Insert above" बटनले उम्मेदवारहरुको प्राथमिकता क्रम थप्न/सच्याउन

सक्नुहुनेछ । एक शिक्षण संस्था र एक शैक्षिक कार्यक्रमलाई एक सेट मानी बढिमा २५ (पच्चीस) वटा College-Program का सेटहरू प्राथमिकता छनौट गर्न सकिने व्यवस्था गरिएको छ । उम्मेदवारले प्राथमिकता निर्धारण सकिए पछि "Save college program priority" बटनमा क्लिक गर्नु पर्नेछ । आफूले अध्ययन गर्न नचाहेको विषय र कलेज छनौट नगर्न सुझाव गरिन्छ । योग्यताक्रम र प्राथमिकताको आधारमा म्याचिङमा परिसकेपछि उक्त उमेदवारलाई सूचिबाट हटाई अन्य म्याचिङका लागि प्रकृया सञ्चालन गरिनेछ ।

६. आयोगले निर्धारण गरेको समय सिमा भित्र आफूले चयन गरेको प्राथमिकता संशोधन गर्न सकिने छ । यसरी प्राथमिकता परिवर्तन गरे पश्चात "Save college program priority" क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ । निर्धारित समय समाप्त भए पश्चात फाराममा प्राथमिकता संशोधन गर्न नसकिने भएकोले सम्पूर्ण कार्य सावधानीका साथ गर्नु पर्ने छ ।

७. शैक्षिक संस्था र विषय छनौट गर्दा निशुल्क वा सशुल्क (Paying) निक्यौंल गरी छनोट गर्नपर्ने छ । सरकारी विश्वविद्यालयका आङ्गिक क्याम्पस र एकेडेमीका सिटहरू नेपाली विद्यार्थीका लागि निशुल्क तथा नीजि शैक्षिक संस्थामा आयोगले तोकेको शुल्क लागु हुने व्यवस्था रहेको छ ।

८. उम्मेद्वारहरूले शैक्षिक संस्था र विषय निर्धारण गर्न तोकिएको समय समाप्त भए पश्चात आफूले म्याचिङ गरेको प्राथमिकताको कन्फर्मेसन (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

९. शैक्षिक संस्था र विषय छनौट गर्ने समय समाप्त भए पश्चात् उम्मेदवारको योग्यताक्रम, प्राथमिकता र उपलब्ध सिटका आधारमा computer based **matching** प्रणालीबाट पहिलो भर्ना सूची प्रकाशित गरिने छ र उक्त नतिजा उम्मेद्वारको प्रोफाइलबाट पनि हेर्न सकिने छ । उपरोक्त अवधिमा भर्ना नहुने विद्यार्थीको नाम सूचीबाट हटाइनेछ र रिक्त सिटहरुमा योग्यताक्रम र प्राथमिकताको आधारमा पुनः म्याचिङ्ग गरी भर्ना सूची प्रकाशित गरने छ ।

भर्ना प्रक्रिया :-

१. म्याचिङ प्रक्रियाको पहिलो सूचीमा प्रकाशित उम्मेदवारहरू शैक्षिक संस्था र विषयमा भर्ना हुँदा आयोगद्वारा निर्धारण गरिएको प्रक्रिया अनुसार मात्र भर्ना हुन सक्ने छन् ।

२. नेपाल सरकार, विश्वविद्यालय, प्रतिष्ठान वा अन्य संस्थाहरूमा कार्यरत उम्मेदवारहरू भर्नाका लागि छनौट भएमा भर्नाको समयमा आफू कार्यरत संस्थाको विभागीय स्वीकृतिपत्र अनिवार्य रूपले पेश गर्नुपर्नेछ । पछि सो अनुसार नभई विभागीय कारवाहीमा परेमा आयोग जिम्मेवार हुने छैन ।

३. एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारले सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना हुँदा दरखास्त फारामका साथ पेश गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

४. पहिलो चरणको म्याचिङ सूचीबाट भर्ना नभै खाली रहेका सीटमा योग्यताक्रममा रहेका बाँकी उम्मेदवारहरूबाट दोस्रो चरणको म्याचिङ सूची प्रकाशन गरिनेछ । म्याचिङ (Matching) प्रणालीअनुरूप भर्ना नभएका उम्मेदवारहरूको नाम सूचीबाट हटाई बाँकी योग्यता सूचीबाट अर्को म्याचिङ (Matching) कार्य को व्यवस्था गरिनेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

५. दोस्रो चरणको म्याचिङ सूचीमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भए पश्चात निजहरूको नाम सूचीबाट हटाई खाली रहेका सीटमा भर्नाका लागि योग्यताक्रममा रहेका बाँकी उम्मेदवारहरूबाट तेस्रो चरणको म्याचिङ सूची प्रकाशन गरिनेछ ।

६. कुनै पनि कलेजहरूमा भर्नाको लागि योग्यताक्रममा नपरेका प्राथमिकता निर्धारण गरिसकेका उम्मेदवारहरूका लागि सिट रिक्त भएको अवस्थामा प्रकाशन गरिने विभिन्न सूचीमा योग्यताक्रम अनुसार प्राथमिकता निर्धारण गरेका उम्मेद्वारहरूमध्येबाट भर्नाका लागि क्रमशः नाम प्रकाशन गरिनेछ ।

७. तेस्रो चरणको म्याचिङ सूचीमा प्रदान गरिएको भर्नाको समय समाप्त भए पश्चात शैक्षिक सत्र प्रारम्भ हुनेछ ।

८. तेस्रो चरणको म्याचिङ सूचीमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भए पश्चात पनि सिट खाली हुन आएमा त्यस्तो सिटमा भर्ना हुन कुनै पनि शिक्षण संस्थामा भर्ना नभएका सम्पूर्ण उम्मेदवारहरूबीच निम्न बमोजिम भौतिक रूपमा उपस्थित भै सहभागी हुने म्याचिङ प्रक्रिया अवलम्बन गरिनेछ ।

- समापन म्याचिङ (wrap-up matching) मा प्रत्यक्ष सहभागी हुन इच्छुक उम्मेदवारका लागि निश्चित अवधि प्रदान गरी अनलाइन माध्यमबाट दरखास्त आह्वान गरिनेछ ।
- तोकिएको समयभित्र अनलाइन दरखास्त पेशगर्ने उम्मेदवारहरूको प्रत्यक्ष उपस्थितिमा म्याचिङ हुने दिन, समय र स्थान बारे सम्बन्धित उम्मेदवारहरूलाई पूर्व जानकारी गराई सो अनुसार भौतिक रूपमा नै उपस्थित भै Open House Counseling मार्फत म्याचिङ गरी खाली सिट पूर्ति गरिनेछ । उपस्थितमा म्याचिङ हुने दिन, समय र स्थान बारे सम्बन्धित उम्मेदवारहरूलाई आयोगको वेबसाईट मार्फत पूर्वजानकारी गराइनेछ ।
- शैक्षिक सत्र शुरू भएको पैंतीस दिन भित्रमा विद्यार्थी छनौट र भर्नासम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरिनेछ ।

विविध व्यवस्था :-

१. प्रत्येक चरणको म्याचिङ्ग र भर्ना प्रक्रिया पछिका रिक्त सिटहरुको जानकारी आयोगको वेबसाईटमा अद्यावधिक गरिनेछ ।

२. स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले अध्ययन अवधिभर प्राइभेट प्राक्टिस गर्न पाउने छैनन् ।

३. **झूठो विवरण पेश गरी आवेदन दिई Matching मा परेको वा भर्ना गरेको पाइएमा त्यस्तो विद्यार्थीको भर्ना रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।**

सदस्य सचिव
चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति